आज मिति २०७६।०३।२५ गते यस सुन्दरबजार नगरपालिकाको पाँचौं नगर सभा यस नगरपालिकाका नगर प्रमुख श्री जनकराज मिश्र ज्यूको अध्यक्षतामा बस्यो । उक्त सभाको उपस्थिति तपसिल अनुसार रह्यो/गरियो ।

**तपसिल**

क) उपस्थीति

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख (अध्यक्ष) | श्री जनक राज मिश्र | |
| २ | नगर उप प्रमुख | श्री ज्ञानु शाह | |
| ३ | वडा अध्यक्ष १ | श्री सुर्य बहादुर दुरा | |
| ४ | का.वा. वडा अध्यक्ष २ | श्री जगत ब.खड्का थापा | |
| ५ | वडा अध्यक्ष ३ | श्री अमृत नेउपाने | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण राज खनिया | |
| ७ | वडा अध्यक्ष ५ | श्री ललित गुरुङ | |
| ८ | वडा अध्यक्ष ६ | श्री रधुनाथ मिश्र | |
| ९ | वडा अध्यक्ष ७ | श्री जयराम रेग्मी | |
| १० | वडा अध्यक्ष ८ | श्री कृष्ण कान्त अधिकारी | |
| ११ | वडा अध्यक्ष ९ | श्री मोति प्रसाद गुरुङ | |
| १२ | वडा अध्यक्ष १० | श्री जय बहादुर अधिकारी | |
| १३ | वडा अध्यक्ष ११ | श्री प्रेम बहादुर दुरा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री भवानी के.सी. | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी पोखेल | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री चन्द्रमा घिमिरे | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सुरेश कुमार दुरा | |
| १८ | नगर कार्यपालिका सदस्य | श्रीमती शान्ता भुजेल | |

| | | | |
|---|---|---|---|
| १९ | नगर कार्यपालिका सदस्य | श्री राजेन्द्र दर्जी | |
| २० | नगर कार्यपालिका सदस्य | श्री वुद्ध कुमारी सुवर्णकार | |
| २१ | वडा सदस्य १ | श्री धनमति गुरुङ | |
| २२ | वडा सदस्य १ | श्री शर्मिला ठडराई | |
| २३ | वडा सदस्य १ | श्री कर्ण बहादुर गुरुङ | |
| २४ | वडा सदस्य १ | श्री बाबुराम सोति | |
| २५ | वडा सदस्य २ | श्री विन्दु थापा क्षेत्री | |
| २६ | वडा सदस्य २ | श्री फुलमाया नेपाली सार्कि | |
| २७ | वडा सदस्य २ | श्री पुन कुमार श्रेष्ठ | |
| २८ | वडा सदस्य ३ | श्री वाल कुमरी दनाई | |
| २९ | वडा सदस्य ३ | श्री पार्वती देवी बि.क. | |
| ३० | वडा सदस्य ३ | श्री कृष्ण प्रसाद अधिकारी | |
| ३१ | वडा सदस्य ३ | श्री डमर बहादुर गुरुङ | |
| ३२ | वडा सदस्य ४ | श्री बिमला देवी न्यौपाने | |
| ३३ | वडा सदस्य ४ | श्री सरस्वति परियार | |
| ३४ | वडा सदस्य ४ | श्री रेल बहादुर गुरुङ | |
| ३५ | वडा सदस्य ४ | श्री ज्ञानराज खनियाँ | |
| ३६ | वडा सदस्य ५ | श्री सारदा भट्राई | |
| ३७ | वडा सदस्य ५ | श्री चन्द्रमाया दर्जी | |
| ३८ | वडा सदस्य ५ | श्री यम बहादुर गुरुङ | |
| ३९ | वडा सदस्य ५ | श्री श्रीकृष्ण कोइराला | |

| | | | |
|---|---|---|---|
| ४० | वडा सदस्य ६ | श्री कृष्णमान श्रेष्ठ | |
| ४१ | वडा सदस्य ६ | श्री बल बहादुर कुँवर | |
| ४२ | वडा सदस्य ७ | श्री देवीमाया दर्जी | |
| ४३ | वडा सदस्य ७ | श्री आनन्द राज श्रेष्ठ | |
| ४४ | वडा सदस्य ७ | श्री देबराज गुरुङ | |
| ४५ | वडा सदस्य ८ | श्री अनिता दुलाल सार्कि | |
| ४६ | वडा सदस्य ८ | श्री ऋषिराम ढकाल | |
| ४७ | वडा सदस्य ८ | श्री केशर बहादुर कुँवर | |
| ४८ | वडा सदस्य ९ | श्री अमोल खनाल | |
| ४९ | वडा सदस्य ९ | श्री मनकृष्ण आचार्य | |
| ५० | वडा सदस्य १० | श्री बिना न्यैपाने | |
| ५१ | वडा सदस्य १० | श्री कालीमाया अछामे | |
| ५२ | वडा सदस्य १० | श्री पदम बहादुर दुरा | |
| ५३ | वडा सदस्य १० | श्री प्रेम बहादुर विष्ट | |
| ५४ | वडा सदस्य ११ | श्री सरिता दुरा | |
| ५५ | वडा सदस्य ११ | श्री सन्तमाया सार्की | |
| ५६ | वडा सदस्य ११ | श्री जगन काजि दुरा | |
| ५७ | वडा सदस्य ११ | श्री तुल बहादुर दुरा | |
| ५८ | सचिव | श्री नारायण पाण्डेय | |

निर्णय नं. १

सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको बैठकबाट पारित भई यस सभा समक्ष पेश भएको यस नगरपालिकाकाको तपसिल बमिजमको आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम एवं आय व्ययको विवरण समेटिएको बजेटलाई संशोधन सहित पारित गर्ने ।

## तपसिल

## क) नीति तथा कार्यक्रमहरू

### क) आर्थिक विकास क्षेत्र

#### १. कृषि:

- यस नगरपालिका क्षेत्रमा उपलब्ध कृषि क्षेत्रको दिगो विकासका लागि १ वर्ष भित्र विज्ञ सहितको एक समिति गठन गरी भू उपयोग नीति निर्माण गर्ने, कृषि संग सम्वन्धित महिला, युवा, कृषक, प्राविधिक समेतको संलग्नता र उपलब्ध सबै स्रोत साधनको उपयोग गरी आगामी ५ वर्ष भित्र खाद्यान्नमा आत्मनिर्भर नगरपालिका बनाउने नीति लिईनेछ ।
- कृषकहरुको सर्वपक्षीय हितको लागि कृषि बिमालाई प्रोत्साहन गर्दै उत्पादित उपभोग्य वस्तुहरुको विक्रि वितरणको लागि कृषि बजारको व्यवस्थापन गर्ने नीति लिईनेछ ।
- कृषिबालीको प्रकृतिको आधारमा कृषियोग्य जमिनको पहिचान गरी नगरपालिका क्षेत्रभित्रका प्रत्येक वडामा कम्तिमा एक कृषि पकेट क्षेत्रको विकास गरिनेछ ।
- सुन्दरबजार नगरपालिका क्षेत्रभित्र आर्थिक हिसावले पिछडिएका व्यक्ति वा समुदायको आर्थिक उपार्जनका लागि व्यवसायमुखी मौसमी तथा वेमौसमी तरकारी तथा फलफूल खेती गर्न कम्तीमा एक घर एक टनेलको नीतिलाई निरन्तरता दिईनेछ ।
- यस नगरपालिकामा एक नगरस्तरीय विभिन्न जाति तथा प्रजातिका फूल तथा फलफूल नर्सरी संचालन गर्ने नीति लिईनेछ ।
- नगरपालिका क्षेत्र भित्र एक चिस्यान केन्द्र निर्माणका लागि आवश्यक स्थानको पहिचान गरी निर्माण कार्यलाई अगाडि वढाईनेछ ।
- यस नगरपालिकाक्षेत्र भित्रको उपल्लो भागमा ठाउँ र हावापानी अनुसार फलफूल खेति गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- सहकारी/सामुहिक तथा निजी व्यवसायीक फर्म दर्ता गरी गरिने खेति प्रणालीलाई प्रोत्साहन गर्दै नगर क्षेत्रभित्रबाट उत्पादन हुने व्यवसायिक कृषि उपजहरुलाई आफ्नो क्षेत्रभित्रका उपभोक्तालाई उपभोग गर्न प्रोत्साहन गर्दै कृषि हाटबजार संचलन गर्ने नीति लिईनेछ ।
- आर्थिक रुपमा विपन्न लक्षित वर्ग र व्यवसायिक खेती गर्ने किसानहरुलाई आवश्यकताअनुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराईनेछ ।
- कृषकहरुलाई जैविक तथा प्राङ्गारीक मल प्रयोगमा जोड दिईनेछ ।
- नगरस्तरीय कृषि मेला प्रर्दशनी गरी उत्कृष्ट किसानलाई पुरस्कृत गरिनेछ ।
- उत्पादनको आधारमा किसानहरुलाई नगरपालिकाबाट उचित प्रोत्साहन दिइनेछ ।

#### २. पशु विकाश

- उत्पादन बृद्धि गर्न नश्ल सुधार कार्यक्रमलाई जोड दिईनेछ ।
- पशुपक्षीहरुको स्वास्थ्य परीक्षण गरी आवश्यक भ्याक्सीन तथा औषधिहरुको प्रवन्ध मिलाईनेछ ।
- पशु तथा पक्षीजन्य उत्पादनको आधारमा उचित बजार व्यवस्थापन गरिनेछ ।
- नगरक्षेत्रभित्रका पशुपालक कृषकहरुलाई पशु विमा गर्न प्रोत्साहित गरिनेछ ।
- नगरस्तरीय पशु मेला प्रर्दशनीको आयोजना गरी उत्कृष्ट किसानलाई पुरस्कृत गरिनेछ ।
- पशुपालन व्यवसायलाई उत्साहीत गर्दै यस नगरपालिकालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउदै लगिनेछ ।
- उपभोक्ताहरुको स्वास्थ्य लाई मध्येनजर गर्दै उपयुक्त स्थानमा आधुनिक वधसाला निर्माण गरिनेछ ।
- व्यवसायिक पशुपालक किसानहरुलाई उत्पादनको आधारमा प्रोत्साहन दिइनेछ ।

#### ३. उद्योग तथा वाणिज्य :

- यस नगरपालिकाको वडा नं २ परेवाडाँडा र अन्य सम्भाव्य क्षेत्रको पहिचान गरी उद्योगहरुको प्रवर्द्धन गर्ने र सो का लागि आवश्यक पूर्वाधारहरुको विकास गर्दै जाने नीति लिईनेछ । साथै कृषिमा आधारित घरेलु तथा साना उद्योगहरुलाई विशेष प्राथमिकता दिई कार्यक्रमहरु संचालन गरिनेछ ।
- बजारको एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन र गुणस्तरहीन एवं म्याद नाघेका अखाद्य वस्तुहरुको विक्रि वितरणलाई रोक्न नापतौल तथा मूल्य मापनका लागी एक नगरस्तरीय अनुगमन समिति गठन गरी व्यवस्थित गर्न प्रभावकारी कदम चालिनेछ ।
- प्रदेश सरकारले यस नगरपालिका भित्र उद्योग ग्राम स्थापना गर्ने कार्यक्रमको लागी प्रारम्भीक अध्ययन गरेको परिप्रेक्षमा आवश्यक जमिन

- यस नगरपालिका भित्र रहेका गहते, मुलकोट, बजारकोट, तार्कुकोट, चण्डिकोट, तुर्लुङकोट, कुन्छा गढीकालिका, सिन्दुरे ढुङ्गा, खजे दुरा पार्क, हाडेटार मनकामना मन्दिर, परेवाडाँडा देवीस्थान, लाङ्दीदेवी मन्दिर, कुन्छा भागिरथी मन्दिर, अकला मन्दिर, ढुङ्गे कोल कालिका मन्दिर, वरेटार शिवालय मन्दिर, अन्नपूर्ण टोल अन्नपूर्ण मन्दिर, भैरवदेवी टोल भैरव मन्दिर, ठाँटीचौर नारायणथान मन्दिर, तुलुङकोट मौलाकालीका, गहतेकालिका, भयरी गढी, पाउँदी शिवालय मन्दिर, शक्तिदेवी मन्दिर, सुत्केरीले गाडेको ढुङ्गाक्षेत्र, दुराडाँडा हलाकर्षण स्थल, पाणिनी गुरुकुल आश्रम, बौद्ध गुम्वा, चर्च, मस्जिद, विभिन्न जातजातिहरुको अन्तेष्टी स्थल लगाएतका ऐतिहासिक एवं पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धन गर्दै अगाडि बढ्ने नीति लिईनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि नगरपालिका क्षेत्रभित्रका सबै वडाहरुको सम्भाव्यता अध्ययन गरी संभावित वस्तीहरुमा घरवास (होमस्टे) संचालनको कार्यक्रम कार्यान्वयन गर्न पहल गरिनेछ ।

५. सहकारी :

- यस नगरपालिका क्षेत्रभित्र स्थापना भई संचालनमा रहेका र आगामी दिनमा स्थापना भई संचालन हुने सहकारीहरुलाई प्रवर्द्धन गर्दै लगिनेछ ।
- एक वडा एक कृषि सहकारी स्थापना गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- सहकारीहरुलाई उत्पादनसील क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ ।

६.वित्तीयः

- यस नगरपालिका क्षेत्रभित्र संचालित बैङ्क तथा वित्तीय संस्थाहरुको संचालन र समन्वयलाई व्यवस्थित गर्दै उत्पादनमूलक क्षेंत्रमा लगानी अभिवृद्धि गर्न प्रोत्साहित गरिने नीति लिईनेछ ।
- व्यक्ति तथा संघ संस्थाहरुमा रहेको तरल सम्पतिको अनुत्पादक क्षेत्रमा हुने लगानीलाई निरुत्साहित गरी उत्पादनसिल क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

**ख) सामाजिक विकास क्षेत्र :**

१. शिक्षा :

- राष्ट्रिय अन्तर्राष्ट्रिय आवश्यकतालाई मध्यनजर गरी नगरपालिका क्षेत्रमा रहने जनशक्तिको सीप विकास र क्षमता अभिबृद्धिको लागि सञ्चालन हुने प्राविधिक लगायतको शैक्षिक कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
- त्रिभुवन विश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान अन्तर्गतको यस गण्डकी प्रदेश भित्रकै आंगिक क्याम्पसको रुपमा यस नगरपालिकाको वडा नं ७ मा संचालनमा रहेको एकमात्र लमजुङ कृषि क्याम्पसमा स्नातक तह भेटेरीनरी र कृषि विषयमा स्नातकोत्तर तह समेतको अध्ययन अध्यापन गर्ने गराउने व्यवस्थाको लागि सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ । मध्य पहाडि क्षेत्रको कृषि तथा पशु विज्ञान विश्वविद्यालयको निर्माणको लागि आवश्यकीय पूर्वाधारहरु निर्माण गर्दै जाने नीति लिइनेछ ।
- लमजुङ कृषि क्याम्पसमा रहेको प्राविधिक जनशक्तिको विज्ञतालाई कृषि विकासका कार्यक्रमहरुमा उपयोग गरिनेछ ।
- नगर क्षेत्र भित्रका सामुदायिक विद्यालय, सामुदायिक एवं आंगिक क्याम्पसहरुमा प्राविधिक, सीपयुक्त र उत्पादनमुलक शिक्षा प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र सञ्चालन भैरहेका माध्यमिक विद्यालयहरु मा अध्यापन गराइने प्राविधिक विषयहरुमा दोहोरोपन नहुने गरी सञ्चालन गर्ने नीति लिईनेछ ।
- हाल सामुदायिक र निजी विद्यालयहरुबाट प्रदान गरिंदै आएको शिक्षाको गुणस्तरमा अन्तर देखिएकोले कायम राख्न आवश्यक व्यवस्था गरिनेछ ।
- आधारभुत तहको शिक्षालाई गुणस्तरीय एवं प्रभावकारी बनाउन विद्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा विद्यार्थी तथा शिक्षकको अनुपात मिलाउन आवश्यका मापदण्ड बनाई क्रमशः व्यवस्थित वनाउने नीति लिईनेछ ।
- विद्यालयको शैक्षिक उपलव्धीको आधारमा उच्च शैक्षिक उपलव्धी हासिल गर्ने विद्यालयहरुलाई पुरस्कृत गरिनेछ ।
- नगर क्षेत्रभित्र निरन्तर शिक्षा कार्यक्रमलाई अगाडि बढाईनेछ ।
- विद्यालय शिक्षामा सुचना तथा संचार प्रविधि प्रयोगमा जोड दिईनेछ ।
- विद्यालय अनुगमन र नियमनलाई बनाई प्रभावकारी बनाईनेछ ।
- नगरभित्र स्थापित भै सञ्चालनमा रहेको सामुदायीक सिकाई केन्द्र र पुस्तकालयहरुलाई व्यवस्थित बनाईनेछ ।

- शैक्षिक संस्थाहरुको व्यवस्थापकीय सुधारमा विशेष जोड दिईनेछ । साथै शैक्षिक गतिविधिमा सरोकारवालाहरुको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरिनेछ ।
- विद्यालय तहदेखीनै योजनामा आधारित शैक्षिक कार्यक्रम संचालन पद्धतिलाई व्यवस्थित गर्न तालीम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- शैक्षिक संस्था संचालन प्रणालीलाई थप पारदर्शी बनाईनेछ ।
- विद्यालयमा हुने गतिविधिको तथ्यपरक जानकारी लिई आईपरेका समस्या यथासक्य छिटो समाधान गर्न संयुक्त अनुगमन गर्ने पद्धतिको सुरुवात गरिनेछ ।

२. स्वास्थ्य:

- यस नगरपालिका क्षेत्रभित्र सञ्चालित सुन्दरबजार अस्पताल, नमुना सामुदायीक अस्पताल, चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय, सामुदायिक तथा निजी अस्पताल लगायत सबै स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुको स्तरोन्नतीमा जोड दिदै सबै नागरीकहरुलाई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहका लागि जोड दिने नीति लिईनेछ ।
- अस्पताल र स्वास्थ्य चौकीहरुको व्यवस्थित सञ्चालनका लागि आवश्यक पर्ने जग्गा, संरचना र उपकरणहरुको उचित प्रवन्धका लागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।
- नगरपालिका क्षेत्रलाई समेट्ने गरी आपतकालिन स्वास्थ्य सुरक्षा कोषको स्थापना गरी बार्षिक निश्चित रकम विनियोजन गरी उक्त कोषबाट विपन्न व्यक्तिहरुलाई स्वास्थ्य उपचारको कार्यक्रम लागु गरिनेछ ।
- दुई वर्षभन्दा मुनिका वालवालिका, गर्भवति, सुत्केरी र स्तनपान गराईरहेका आमाहरुको पोषण सुधारका लागि वडा वडामा निश्चित बजेट विनियोजन गरी विपन्नता र कमजोर आर्थिक अवस्थाको आधारमा प्रोत्साहन भत्ता दिने व्यवस्था मिलाईनेछ । उक्त प्रोत्साहन स्वरुप दिईने रकम घर वस्ती र घरपरिवारको अवस्था हेरी नगद वा पोषणयुक्त खाद्य सामाग्रीका रुपमा दिने व्यवस्था गरिनेछ ।
- वर्थिङ सेन्टरको सेवालाई सुदृढीकरण गर्दै वर्थिङ सेन्टरमा SBA तालीम प्राप्त जनशक्तिबाट मात्र सेवा प्रवाह गराउने व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वस्तीका घरधुरीलाई स्वास्थ्य केन्द्रवाट प्रसुति सेवा लिनको लीग जनचेतना अभिबृद्धि गर्ने कार्यका साथै प्रत्येक वडालाई पूर्ण प्रसुती सेवा सुनिश्चित वडा घोषणा गर्ने नीति लिईनेछ ।
- नगर क्षेत्रमा विविध विषयहरुमा विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर संचलन गरिनेछ ।
- नगरपालिकाका विभिन्न क्षेत्रमा स्वास्थ्य सम्वन्धी जनचेतका साथै योग सम्वन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- सुन्दरबजार नगरपालिकामा रहेको सुन्दरबजार अस्पताललाई विशेषज्ञ सहितको ५० (पचास) शैयाको अस्पतालमा स्तरोन्नती गर्न पहल गरिनेछ ।
- सुन्दरबजार अस्पताल र नमुना सामुदायिक अस्पताललाई समायोजन गरी एकीकृत सेवा प्रवाह गर्न आवश्यक पहल गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र आवश्यकता अनुसार शहरी स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक र खोप केन्द्रलाई विस्तार र व्यवस्थित गर्दै लगिनेछ ।
- आयुर्वेद औषधालयबाट संचालित गाउँघर शहरी तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रमलाई नियमित रुपमा संचालन गर्ने व्यस्था मिलाईनेछ ।
- जेष्ठ नागरिक, अपाङ्गता भएकाहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- नगर क्षेत्रभित्र संचालन भएका निजी स्वास्थ्य क्लिनिकहरुलाई व्यवस्थित वनाउन अनुगमन समिति गठन गरी नियमन गरिनेछ ।
- नगर क्षेत्रभित्रका विद्यालयहरुमा आयुर्वेदिक उपचार तथा स्वास्थ्य शिक्षा सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

३. खानेपानी तथा सरसफाई:

- खानेपानी सुविधामा नगरवासीको पहुँच विस्तार साथै खानेपानी गुणस्तरमा समेत ध्यान दिईनेछ
- डोकामा बोकेर खानेपानी उपयोग गर्ने अवस्थाको अन्त्य गरी एक घर एक धाराको व्यवस्था गरिनेछ । साथै आवश्यकता अनुसार लिफ्ट प्रविधिको समेत प्रयोग गरी खानेपानी उपलब्ध गराइने व्यवस्था गरिनेछ ।
- सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा सञ्चालन गरिनेछ । नगरक्षेत्रको सरसफाई कार्यलाई तीव्रता र निरन्तरता दिईनेछ ।
- निजी क्षेत्रमा सहकार्यमा फोहरमैलाको शुल्क संकलनलाई प्राथमिकता दिइने छ ।
- यस नगरपालिकाको फोहोरमैला व्यवस्थापनकालागि यातायातको पहुच नपुगेको स्थानहरुमा फोहोर संकलन स्थलको निर्माण गरी फोहोर मैला व्यवस्थापन गर्ने कार्यक्रमलाई अगाडि बढाईनेछ ।

- नगरपालिका क्षेत्रभित्रका सवै वडाहरुमा रहेको खानेपानीको मूल, खानेपानीको श्रोत र संचालित खानेपानी योजनाहरुको लगत संकलन गरी खानेपानीको प्रोफाईल तयारी गर्ने कार्यलाई अगाडि वढाईनेछ ।
- संचालित खानेपानीको नियमितताको लागि मर्मत सम्भार कार्यलाई प्राथमिकता दिने र यसका लागि खानेपानीको सुविधा पाईरहेका घरहरुबाट मासिक रकम संकलन गर्ने व्यवस्था मिलाई योजनागत रुपमा मर्मत संभार कोषमा टोकन मनी जम्मा गरिने व्यवस्था मिलाईनेछ ।
- घना वस्ती, बजार क्षेत्र र उच्च शहरीकरण हुदै गएका वडा र वस्तीहरुमा भविष्यमा हुनसक्ने खानेपानीको अभावलाई मध्यनजर गरी यस नगरपालिकाभित्र बृहत खानेपानी परियोजना संचालनका लागि संघीय सरकार र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।

**४. संस्कृति प्रवर्द्धन :**

- यस नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने प्रत्येक जात, जाति एवं समुदायहरुको प्राचिनकालदेखी चल्दै आएको ऐतिहासिक तथा पुरातात्वीक, सम्पदा तथा भाषा, भेषभूषा, चाडपर्व जस्ता लाई संरक्षण एवं प्रवर्द्धन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
- कला र संस्कृतिको संरक्षण र संवर्द्धनकालागी पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गर्न गरिने कृयाकलापहरुमा आवश्यक सहयोग गरिनेछ ।
- जाति, जनजाति लगाएतका समुदायहरुको सांस्कृतिक संरक्षण गर्न आवश्यकता अनुसार संग्राहालयहरुको निर्माणमा सहयोग वढाउदै लगिनेछ ।
- विभिन्न जाति, जनजाति तथा आदिवासी समुदायहरुको सास्कृतिक पहिचान झल्कने नगरपालिकास्तरीय जनजाति एकीकृत संग्राहलय निर्माण प्रारम्भ गर्ने नीति लिईनेछ ।

**५. लैगिंक समानता तथा सामाजिक समावेशीकरण :**

- यस नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने प्रत्येक विकास निर्माण, श्रोत साधनको वितरण र अन्य क्रियाकलापहरुमा लैगिक समानता तथा सामाजिक समावेसीकरणको नीतिलाई प्रभावकारी रुपमा अवलम्वन गर्दै लगिनेछ ।
- महिला विरुद्ध विभिन्न किसिमका हिंसा र विभेदका विरुद्धमा महिला सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ । महिला हिंसा र विभेद मुक्त वस्तीको घोषण गर्दै वडा लाई नै महिला हिंसा र विभेद मुक्त वडा धोषणा गर्ने । आर्थिक वर्ष २०७६।७७ मा यस्तो कार्यक्रम नमुना कार्यकम को रुपमा नगरपालिकाको वडा नं. ११ का वस्तीहरुबाट प्रारम्भ गरिनेछ ।
- नगरपालिकामा नगरस्तरीय सुन्दर ईलम विकास केन्द्र स्थापना गरी बिभिन्न विषयका सीपमूलक तालीम प्रदान गर्न विषय प्रशिक्षकहरुको सेवा करारमा लिई सीपूलक तालीम दिन आवश्यक भौतिक सामाग्रीहरु खरिद गरी स्थायी रुपमा व्यवस्थापन गरिनेछ । उक्त कार्यक्रमलाई ल्याण्डफिल प्रभावित क्षेत्रका वासिन्दालाई विशेष प्राथमिकता दिईनेछ ।
- महिला युवतीहरु राज्यका हरेक निकायमा पुग्नको लीग उनीहरुको प्रतिस्पर्धात्मक क्षमता बढाउने उदेश्यले लोक सेवा आयोगका तयारी कक्षाहरु संचालन गरिनेछ ।
- नगरपालिका भित्र रहेका एकल महिलाहरुको लगत संकलन गरी उनीहरुकै सहभागीतामा उनीहरुको लागि आवधिक कार्य योजना तयार गरी उनीहरुको सीप र क्षमता अभिवृद्धि गरी आयआर्जनका कार्यकमहरु संचालन गरिनेछ ।
- निर्माण गरिने भौतिक संरचनाहरुमा बालमैत्री डिजाईनको अवलम्वन गरी बालमैत्री संरचनाहरुको निर्माण गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका होटल रेष्टुराहरुमा काम गर्ने वाल मजदुर र सडक वालवालिकाको लगत विवरण तयार गर्ने । विवरण तयार भै सकेपछि उनीहरुको सुरक्षा, शिक्षा, संरक्षण, सम्वर्धन र विकासका कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- अपाङ्ग बालवालिकाहरुको लागि विशेष शिक्षा को संचालन गरी यस्ता विशेष कक्षाहरुको सुदृढीकरण गर्दै गुणस्तर मुक्त बनाउने ।
- दलित वर्गको परम्परागत सीप तथा दक्षताको आधुनिककीरण तथा व्यवसायीकरण गर्ने ।

**६. युवा, खेलकुद तथा मनोरञ्जन**

- १६ वर्ष देखी २४ वर्ष उमेर समुहका युवाहरुको क्षमता तथा प्रतिभा विकास गर्ने उदेश्यले वडास्तरमा युवा क्लव गठन गर्ने, नगर स्तरमा युवा संजाल गठन गर्ने तथा नमुना युवा संसद अभ्यास गरिनेछ ।
- २५ देखी ४० वर्ष उमेर समुहको युवाहरुलाई लक्षित गरी उद्यमशीलता अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- युवा युवतिहरुलाई रचनात्मक गतिविधिहरुमा सहभागी गराउने उदेश्यका साथ उनीहरुलाई सकारात्मक सोच सम्वन्धमा अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- किसोरकिसोरिहरु लाई कुलत, लागु पदार्थ ओसारपसार, दुर्व्यसनी तथा एचआईभि एड्स जस्ता जोखिमहरुबाट टाढा राख्न जनचेतनामूलक प्रचार प्रसार कार्यक्रम संचालन गरिनेछ । यस्तोमा फसिसकेकाहका लागि समाजमा पुनःस्थापना गर्न सम्वद्ध संस्थाहरु संग लागत सहभागिता गरि उपयुक्त कार्यकममा सहकार्य गरिनेछ ।

- युवा युवती र सबै उमेर समूहका व्यक्तिहरुका लागि मानसिक स्वास्थ्यको कार्यक्रमहरु सरकारी तथा गैरसरकारी सम्वद्ध निकायहरु संग साझेदारी गर्दै अगाडी वढाईनेछ ।
- सबै वडाहरुमा एक वडा एक खेल मैदान निर्माण गरिनेछ ।
- वैदेशिक रोजगारीमा गई ज्ञान र सीप सिकेर फर्केका युवायुवतीहरुको सीपलाई उद्यमसिलता तर्फ उन्मुख गर्ने नीति लिईनेछ ।
- वैदेशिक रोजगारीमा जान चाहने युवाहरुको लागि आवश्यक न्यूनतम ज्ञान, सीप र व्यवहारको तालीम प्रदान गर्नका लागि नगरपालिकाले साझेदारहरुसंग लागत सहभागितामा कार्यक्रमहरु संचालन गर्ने ।

ग) पूर्वाधार विकास क्षेत्र :

सुन्दरबजार नगरपालिकाको आधुनिक एवं व्यवस्थित विकासका लागि २० बर्षे नगर गुरुयोजना निर्माण गरिनेछ र सो योजनाका आधारमा आ.व. ०७६/७७ देखी उक्त गुरुयोजनाले निर्दिष्ट गरेका कार्यक्रमहरुको कार्यान्वयन गर्दै लगिनेछ ।

१. सडक तथा पुल:

- यस नगरपालिका क्षेत्रभित्रका सडकहरुको व्यवस्थित निर्माण र सञ्चालनका लागि नगरपालिकाद्धारा विगतमा तयार पारिएको नगर सडक यातायात गुरुयोजनालाई अद्यावधिक गर्दै लगिनेछ ।
- यस नगरपालिकाका सम्पूर्ण क्षेत्र एवं स्थानहरुलाई सडक सञ्जालमा आवद्ध गराउने नगर रिङरोडको निर्माण र सडक सञ्जालको विस्तार गरिने एवं भैरहेका सडकहरुको स्तर उन्नती एवं कालोपत्रे गर्ने कार्यलाई प्राथमिकताका आधारमा क्रमिक रुपमा कार्यान्वयन गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र आवश्यकताका आधारमा पक्की पुल र झोलुङ्गेपुलको निर्माण एवं विस्तारको कार्यलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायातलाई सहज र सुलभ बनाउन नगरबस संचालन गरिनेछ ।
- हाल नगरपालिका क्षेत्रभित्र तथा नगरपालिका भएर यातायात संचालनमा रहेको सडकहरुलाई स्तरोन्नती कार्यलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गर्ने तथा सार्वजनिक यातायातको भाडादरलाई प्रभावकारी नियमन गर्ने नीति लिईने छ ।
- सडक योजनामा विनियोजन गरिएको रकम वाट कम्तिमा ८० प्रतिशत स्ट्क्चरका महत्वपूर्ण कार्यहरु जस्ता ( ग्राभेल, नालीनिर्माण, रिटेनीङग वाल, ग्याविन वाल, सोलिङ, ह्यूम पाईपवाट पानी क्रसीङग, स्पान नाला, कजवे, कलभर्ट, मोड (घुम्तिमा) सुधार, सागुँरो स्थानमा सडक फराकिलो वनाउने र सेफटी पीलर वा वारहरु राख्ने लगायतमा मा खर्च गरि २० प्रतिशत अन्य आवश्यकीय सुधारजन्य कियाकलापहरु गरिनेछ ।
- नियमीत रुपमा संचालन भई रहेका र आकस्मिक रुपमा विग्री मर्मत संभार नगरि नहुने सडकहरुको मर्मत संभारका लागि एउटा मर्मत संभार कार्यविधि तयार गरिनेछ र सो को आधारमा सडकहरुको मर्मत संभारलाई प्रभावकारी वनाइनेछ ।
- आकस्मिक रुपमा सडक मर्मत संभार गर्ने कार्यलाई प्रभावकारी वनाउन व्याक हो लोडर र टिपरको अधिकतम परिचालन गर्ने ।
- नगरपालिका क्षेत्रभित्र व्यक्तिगत रुपमा वा समुदाय स्तरवाट सडकको नयाँ ट्याक निर्माण गर्नुपर्दा अनिवार्य रुपमा वडा समितिको सिफारिस सहीत नगरपालिकावाट स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ ।
- सडक योजनाहरुका लागि न्यूनतम ५ लाख रकम भन्दा कम नहुने गरी वजेट विनियोजन गरिनेछ ।
- निर्माण सुधार गरिने सडकहरुको लई गर्दा वातावरणीय पक्षलाई असर पुरयाउने नपुरयाउने कुरा प्राविधिकवाट अध्ययन गरी वातावरणीय पक्षलाई थप संरक्षण गर्दै लैजानु पर्ने देखिएमा विनियोजित वजेटको न्यूनतम ५ प्रतिशत रकम वातावरणीय पक्षका लागि खर्च गर्ने गरी लागत इष्टिमेट गर्ने व्यवस्था मिलाईनेछ ।
- सडकमा रकम विनियोजना गर्दा संभव भएसम्म प्रारम्भमै आवश्यक पर्न सक्ने जति रकम विनियोजन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र सडक निर्माण लगायत सवै खालका पूर्वाधारमा काम गर्न चाहने हेभि मेशिन सञ्चालन गर्ने व्यक्तिले नगरपालिकामा आफना कागजात सहीतको विवरण पेश गरी सूचीकृत गर्नुपर्ने । यस्तो सूचीकृत गर्दा न पा ले हेभि मेशिन सूची दर्ता शुल्क वापत वार्षिक रुपमा निश्चित शुल्क लिने व्यवस्था गर्नेछ ।
- पर्यटकीय गाउँ, पर्यटनको सम्भावना वोकेको स्थान र होम स्टे संचालन भएका र हुने संम्भावित ठाउँलाई सडक सञ्जालले जोड्न प्राथमिकता दिईनेछ ।

२. सिंचाईः

- यस नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न सिंचाई कुलोहरुको निर्माण एवं स्तरोन्नती गर्दै अगाडी बढ्ने नीति लिईनेछ ।
- सोलार पम्प प्रविधि जडान गरी सिंचाईलाई व्यवस्थित गर्दै अगाडी बढाउन आवश्यक पहल गरिनेछ ।
- पाखो जग्गाहरुमा स्प्रीङकलर, थोपा सिचाई जस्ता प्रविधिका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- कृषि विकास कार्यक्रम वाट संचालन गरिएका साना सिचाई कार्यक्रमलाई सोही अनुसार निरन्तरता प्रदान गरिनेछ ।
- धेरै लागतका ठूला सिचाई र मझौला सिचाई योजनाहरु संचालनको लागि प्रदेश सरकार र संघीय सरकारसंग अनुरोध गरिनेछ ।

३. भवन तथा शहरी विकास:

- भवन तथा शहरी विकासकालागि एकीकृत बस्ती विकासको संभावनाको अध्ययन गरी प्राप्त प्रतिवेदनको आधारमा प्राथमिकता साथ एकीकृत वस्तीहरुको निर्माण र विकास गर्दै लगिनेछ ।
- भवन तथा शहरी विकासकालागी बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड, २०७२ लाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको को प्रत्येक वडा कार्यालयको नजिको स्थानमा सभा सम्मेलन गोष्ठि वैठकहरु सहज रुपमा गर्न मिल्ने गरी एक एक वटा वहुउदेश्यिय भवन वनाउने नीति लिईनेछ । हाल वडा कार्यालयहरुको भवन नजिक यस्ता भवन वनी सकेको अवस्था भएमा त्यस्ता भवनमा थप सेवा सुविधाको विस्तार गरिने छ र नवनेका स्थानहरुमा वनाउन जोड दिईने छ ।
- सामुदायिक भवनहरुको निर्माणमा एकरुपता नभएको र आफनो ईच्छामा वनाईदाँ लामो समय सम्म भवन अधुरो रहने, धेरै लागत रकम लाग्ने, उपयोग कम-स्रोत साधन वढि खर्च हुने र नगरपालिकामा रकम मागको अत्यधिक चाप दवाव पर्ने हुदाँ सामुदायिक भवनको एक रुपता कायम गर्न नगरपालिकाले सामुदायिक भवनको उपयुक्त डिजाईन वनाउने र सोही डिजाईन अनुसारको सामुदायिक भवन निर्माणलाई मात्र सहयोग गर्दै जाने नीति लिईनेछ ।
- नेपाल सरकार वाट तर्जुमा भएका भवन निर्माण सम्वन्धी ऐन, नियम, मापदण्ड निर्देशिकाहरुलाई न पा भित्र वन्ने सवै खालका भवनहरुमा कडाईका साथ लागू गरिनेछ ।
- नगरपालिकाको क्षेत्रभित्र पशु वधशाला भवन निर्माणको लागि उपयुक्त स्थानमा जग्गा छनौटको लागि अध्ययन कार्य अगाडि वढाउने ।

४. उर्जा/जलविद्युत:

- यस नगरपालिकाका विद्युत विस्तार हुन बाँकी बस्तीहरुमा विधुत विस्तारको कार्यलाई अगाडि बढाईनेछ ।
- थ्रिफेज विद्युत विस्तार नभएका वस्तीहरुमा आवश्यकता अनुसार थ्रिफेज विद्युत लाइनको विस्तार एवं स्तरोन्नती गर्ने नीति अवलम्वन गरिनेछ ।
- हाल सञ्चालनमा रहेका विधुतलाईनबाट प्रसारण भैरहेका विधुतको गुणस्तर बढाउन विशेष पहल गरिनेछ ।
- नगरपालिकाको सवै वडाहरु अर्न्तगत विद्युत नपुगेका गाउँ/वस्ती/टोल/घरहरुको वडाहरु मार्फत लगत विवरण संकलन गरी नगरपालिकावाट एउटा अभिलेख तयार गरिने छ । उक्त अभिलेख अनुसार विद्युत नपुगेका गाउँ/वस्ती/टोल/घरहरुमा विद्युत सेवा विस्तार गर्नेकार्यलाई प्राथमिकता दिईनेछ ।
- काठको पोलहरुलाई क्रमश: फलामका पोलले विस्थापन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र लघुजलविद्युतको लागि संम्भावनाको अध्ययन कार्य गरिने । अध्ययन वाट सम्भावित देखिएमा नगरपालिका र स्थानीय वासिन्दाहरुको संयुक्त शेयरमा लगानी गरी विद्युत निर्माण गर्न जोड दिईने ।

५. बैकल्पिक उर्जा:

- नगरपालिकाको मुख्य वजार क्षेत्र रहेको शहरी वडाहरुमा सौर्य सडक वत्तिका वत्तिको मर्मत संभारको लागि वजेट व्यवस्था गरी नियमित बनाईनेछ ।

६ . सञ्चार:

- यस नगरपालिकाका सबै बस्तीहरुमा वस्तीको माग बमोजिम तारयुक्त टेलिफोनको व्यवस्था गर्न र सबै वडा कार्यालय लगाएत सरकारी निकायहरुमा इन्टरनेटको सहज पहुन पुर्‍याउन सो अनुसारको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।
- वडाहरुलाई सूचनाप्रविधि मैत्री बनाउन सवै वडाहरुमा ईन्टरनेट सुविधा पुरयाउने व्यवस्था मिलाईनेछ ।
- व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत गर्नका लाागि वडा सचिवहरुलाई नगरपालिकावाट तालीम प्रदान गने व्यवस्था मिलाईनेछ ।
- मोवाईल सम्पर्क हुन नसक्ने वडा वस्तीहरुलाई मोवाईल सम्पर्क हुन सक्ने गरी टावर निर्माण गर्न सम्वन्धित निकाय संग समन्वय गर्ने ।
- स्थानीय सामुदायिक एफ एम र स्थानीय स्तरवाट निस्कने पत्रपत्रिकाहरुलाई प्रोत्साहित गर्दै जाने नीति लिईनेछ ।
- नगरपालिकाको वेभसाईट र फेसवुक मार्फत नगरपालिकाको सूचना, गतिविधि र समाचारहरुलाई नियमित वनाईनेछ ।

घ) वातावरण तथा विपद व्यवस्थापन :

१. वन तथा भू- संरक्षण :

- यस नगरपालिका भित्र रहेका सामुदायिक वनको संरक्षण सम्वर्द्धन लागी एकीकृत योजना वनाई स्थानीय स्तरमानै वन उपभोक्ता समिति निर्माण गरी जिम्मा दिइनेछ। खालि भएका सरकारी तथा सार्वजनिक जग्गाहरुमा विभिन्न जाति तथा प्रजातिका बोट विरुवाहरु रोप्न र हरित शहर र हरित नगरपालिका वनाउनका लागि एक घर दुई विरुवा भन्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै गठन भएका वन उपभोक्ता समितिहरुबाट उत्कृष्ट वन उपभोक्ता समितिलाई हरेक वर्ष पुरस्कृत गर्ने नीति लिईनेछ।
- नगरपालिका क्षेत्रको सवै वडाहरुमा रहेका सार्वजनिक , सरकारी, ऐलानी पर्ती जग्गाहरुको नापी कार्यालयवाट विवरण तयार गराई सार्वजनिक सरकारी जग्गाको अभिलेख पुस्तिका तयार गरिनेछ।
- सार्वजनिक सरकारी जग्गाहरुको संरक्षण गरी तीनको उत्पादन र उपयोगको योजना वनाइनेछ।
- सार्वजनिक जग्गाहरुमा अनधिकृत रुपमा वनाईएका घर टहराहरुलाइ भत्काउन लगाई यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
- खेतीयोग्य जग्गा भित्र वस्ती विकासको कार्यलाई नियन्त्रण गर्न वस्ती विकास र प्लटिङ कार्यलाई नेपाल सरकारको नीति अनुसार अगाडि वढाउने।

२. जलाधार संरक्षण :

- यस नगरपालिका क्षेत्रभित्र बाह्रै महिना पानी चल्ने नदी खोला तथा अन्य जलाधार स्रोतहरुको पहिचान संरक्षण गरी जलाधार क्षेत्रमा हुने भुक्षय तथा वातावरण प्रदुषणलाई न्यूनीकरण गर्न वायो इञ्जिनियरिङ सहितको जलाधार संरक्षण गरी ठूला/साना जलाधार क्षेत्रको संरक्षण संवर्द्धन गरिनेछ।

३. फोहोरमैला व्यवस्थापन :

- नगरपालिका क्षेत्रभित्रका घरबाट निष्केको फोहोरलाई उत्पादन स्थलमै वर्गिकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मल बनाई उपयोग गर्न प्रोत्साहन गरिनेछ।
- नगरपालिकाबाट संचालित फोहोरमैला व्यवस्थापन केन्द्रमा वातावरणीय प्रभाव मुल्याङकन गर्दै असर न्यूनीकरण गर्ने उपायहरुलाई अगाडी बढाईनेछ।
- फोहोरमैला व्यवस्थापन क्षेत्रमा वृक्षारोपण गरी वातावरण मैत्री पार्क निर्माण गर्ने कार्यलाई अगाडि वढाईनेछ।

४. जल उत्पन्न प्रकोप नियन्त्रण :

- यस नगरपालिका क्षेत्रभित्र वर्षातका कारण वा खोलानालाहरुको निरन्तर कटानबाट क्षति हुन सक्ने वस्तीहरु, खेतियोग्य भूमीहरु र वन जंगलहरुलाई समेत संरक्षण गर्नकालागी उक्त संभावित क्षेत्रहरुको पहिचान गरी आवश्यकता अनुसार तटवन्ध निर्माण र वायोइञ्जिनियरीङ कार्यक्रमलाई व्यवस्थीत गरी भूक्षय न्यूनिकरण गर्ने नीति अवलम्वन गरिनेछ।

५. विपद व्यवस्थापन :

- नगरपालिका क्षेत्रभित्र मानवीय एवं प्राकृतिक कारणले हुने विपद्को जोखिम न्यूनीकरण गर्न पूजिगत बजेटको कम्तिमा एक प्रतिशत रकमको व्यवस्था सहित एक विपद व्यवस्थापन कोष स्थापना गर्न पहल गरिने र खासगरी गर्मि एवं वर्षा मौसममा आउनसक्ने विपदको न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि गर्ने र त्यस्ता प्राकृतिक प्रकोपबाट बच्नकोलागी स्थानीय जनताहरुको संलग्नतामा विभिन्न प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ।

ङ) सुशासन तथा संस्थागत विकास :

१. मानव संशाधन विकास :

- यस नगरपालिका क्षेत्र भित्र रहेका युवा जनशक्तिहरुको सीप एवं दक्षता विकासका लागी सीपमुलक कार्यक्रम सञ्चालन गर्ने।
- यस नगरपालिका, वडा कार्यालय र अन्य विषयगत कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि आवश्यकता अनुसारको क्षमता विकास तालीमको व्यवस्था गर्दै लगिनेछ।

२. संस्थागत क्षमता विकास :

- नगरपालिका र वडा कार्यालयबाट गरिने दैनिक कार्यहरुलाई सहज, सरल र प्रभावकारी वनाउन वडाको लागि आवश्यक न्यूनतम जनशक्तिको व्यवस्था मिलाइनेछ।
- निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुकोहरुको क्षमता अभिवृद्धिको लागि क्षमता विकास योजना तयार गरिनेछ।
- योजना कार्यान्वयन गर्नको लागि गठीत उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि अभिमुखिकरण तालीम संचालन गरिनेछ।
- नगरपालिका र वडा कार्यालयहरुवाट प्रदान गरिने सेवाको लागि कार्यालयको अग्रभागमा नागरिक वडापत्र (citizen charter) राख्ने व्यवस्था मिलाईनेछ।
- नगर सभा  र नगरकार्यपालिकाका सवै निर्णयहरु निर्णय भएको ७ दिन भित्र नगरपालिकाको वेबसाईट मार्फत नगरवासीहरुमा जानकारी गराइनेछ।
- नगरपालिकावाट संस्थागत तथा व्यक्तिगत रुपमा प्रदान गरिने आर्थिक सहायताको लागि आर्थिक सहायता कार्यविधि तर्जुमा गरि सो को व्यवस्था वमोजिम प्रदान गरिनेछ।
- नगरकार्यपालिकाको कार्यालयवाट सम्पादन गर्ने कार्यहरुमा आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने।
- नगरकार्यपालिकाको कार्यालयमा एउटा गुनासो पुस्तिका राखिनेछ र गुनासो पुस्तिका मार्फत आएका गुनासा र सुझावहरुलाई उपयुक्त तरिकाबाट सम्वोधन गर्ने व्यवस्था मिलाईनेछ।
- नगरकार्यपालिकाले आफनो मासिक आय र व्ययको विवरण आफनो वेबसाईट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।
- नगरपालिकाले प्रत्येक चौमासिकमा तोकिएको स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ। सार्वजनिक सुनुवाईमा नगरवासीवाट आएका गुनासा, सुझावहरुलाई उच्चतम प्राथमिकता प्रदान गरी आफनो कार्यसम्पादनलाई सुधार गरि प्रभावकारी वनाउदै लगिनेछ।
- नगरपालिकाले सम्पादन गरेका कार्यहरुको वारेमा जनताहरुलाई सूचीत गर्नका लागि चौमासिक वुलेटिन प्रकाशन गरिनेछ।

३. सेवा प्रवाह :

- यस नगरपालिका, नगरपालिकाबाट प्रवाह गरिने सेवालाई निश्चित मापदण्ड तयार गरी सो मापदण्डका आधारमा सूचना प्रविधिको प्रयोग गरी छिटो, छरितो, चुस्त, दुरुस्त एवं पारदर्शी रुपमा प्रवाह गर्ने नीति अख्तियार गरिनेछ।
- नगरपालिकामा आएका सवै मुद्धाहरुलाई छिटो र छरितो छिनोफानो हुने ब्यवस्था मिलाइनेछ। साथै न्यायीक समितिलाई थप चुस्त बनाउन भौतिक तथा मानवीय स्रोतको ब्यवस्था गरिने छ।
- नगरपालिकाको प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरी सामान्य खालको झै झगडालाई बस्ती तथा वडा स्तरबाटै मेलमिलाप हुने वातावारण तय गरिने छ।

**च) वित्तिय व्यवस्थापन र सुशासन :**

**१. राजश्व परिचालन :**

- यस नगरपरपालिकाको आर्थिक उन्नतिका लागि राजश्वका नयाँ श्रोतहरुको खोजी गरी नगरपालिकाको राजश्व अभिवृद्धि गर्ने नीति अवलम्वन गरिनेछ।

**२. वित्तीय अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली :**

- यस नगरपालिका, नगरपालिका मातहतका विषयगत शाखाहरुमा वित्तीय अनुशासन र आन्तरिक नियन्त्रण कायम राख्न सो संग सम्वन्धित कानुन र सुशासनको मुलभूत मान्यतालाई कडाईका साथ अवलम्वन गरिने नीति लिईनेछ।

**छ) लक्षित क्षेत्र :**

- यस नगरपालिका क्षेत्रभित्रका सबै लक्षित वर्ग जस्तै महिला, बालवालिका, आदिवासी जनजाति, जेष्ठ नगरिक, अपाङ्ग, युवा, दलित, पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक, विपन्न जातजाति एवं अन्य वर्गको उत्थानका लागि एक लक्षित वर्ग विशेष कोषको स्थापना गर्न पहल गरिनेछ।
- यस नगरपालिका क्षेत्रभित्रका लक्षित वर्गहरुको सरकारी निकाय, गैरसरकारी निकायहरुबाट प्रदान गरिने सेवा सुविधाहरुमा पहुँच अभिवृद्धि गर्न, विकास निर्माणका क्रियाकलापहरुमा सहभागिता सुनिश्चत गर्न र प्राप्त प्रतिफलको न्यायोचित वितरण हुने व्यवस्था गर्न आवश्यक प्रवन्ध गरिनेछ।

ख) आय र व्यवय विवरण

## सुन्दरबजार नगरपालिका, सुन्दरबजार, लमजुङ

| क.स | शीर्षक | आ.व २०७४/०७५ को यथार्थ | आ.व २०७५/०७६ को संशोधित | आ.व २०७६/०७७ को अनुमान |
|---|---|---|---|---|
| | आय | | | |
| क | राजश्व | | | |
| १ | आन्तिरिक राजश्व | ६७२७९७४ | ७००००००. | ९०००००० |
| २ | संघीय राजश्व वाँडफाँटबाट प्राप्त रकम | | ५८९२००००. | ७२५००००० |
| ३ | प्रदेश राजश्व वाँडफाँटबाट प्राप्त रकम | | ३२२७८२१ | ३९७५००० |
| ४ | अ ल्या | ४७५२०० | ७२००००० | १७१५०००० |
| ५ | अन्य आय | ८६१६१००९ | | १०००००००० |
| ख | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | |
| १ | नेपाल सरकारबाट प्राप्त | ३३४७१३०५४ | ३१५०००००० | ३३२८००००० |
| २ | प्रदेश सरकारबाट प्राप्त | | ११७३१००० | १२३४६००० |
| ३ | अन्तर स्थानीय तहबाट प्राप्त | | | ० |
| ग | जनसहभागिता | | | ० |
| २ | श्रम तथा बस्तु सहभागिता | | | ० |
| घ | विविध कार्यक्रम | | ८८०९९००० | ८८५००००० |
| | कुल जम्मा | ४२०८७४०६३ | ४९११७७८२१ | ५४६२७१००० |
| | | | | |
| | व्यय | | | |
| १ | चालु खर्च | २८००३०६१२ | ६८८००००० | ७५५००००० |
| २ | पूँजिगत खर्च | ८०१९७८०० | १२२६७७८२१ | १५७१२१००० |
| ३ | सशर्त अनुदान | | २८५७००००० | २२६०००००० |
| | | | जम्मा | ४५८६२१००० |
| ४ | विविध कार्यक्रम।मौज्दात | ६०२४५६५१ | १४०००००० | ८८५००००० |
| | कुल जम्मा | ४२०४७४०६३ | ४९११७७८२१ | ५४६२७१००० |

# सुन्दरबजार नगरपालिका, सुन्दरबजार, लमजुङ

## आ ब २०७६।७७ को लागि प्रस्तावित चालु खर्च

| क स | खर्च शीर्षक | प्रस्तावित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | पदाधिकारी मासिक सुविधा | ९०५०००० | |
| २ | कर्मचारी तलव | २६०००००० | |
| ३ | स्थानीय भत्ता | ७००००० | |
| ४ | महंगी भुत्ता | १५००००० | |
| ५ | पोशाक | ८००००० | |
| ६ | सामाजिक परिचालकको तलव | २६०००० | |
| ७ | पदाधिकारी सञ्चार | २२५००० | |
| ८ | पदाधिकारी यातायात | ३००००० | |
| ९ | वडा बैठक खाजा खर्च | ४५०००० | |
| १० | घरभाडा | २०००००० | |
| ११ | अन्य भत्ता | २००००० | |
| १२ | कर्मचारी कल्याण कोष | १०००००० | |
| १३ | पानी तथा विजुली | ४००००० | |
| १४ | सञ्चार महशुल | ४५०००० | |
| १५ | इन्धन पदाधिकारी | ८००००० | |
| १६ | इन्धन कार्यालय प्रयोजन | ५००००० | |
| १७ | अनुगमन मूल्याङ्कन पदाधिकारी | १२००००० | |
| १८ | अनुगमन मूल्याङकन | ५००००० | |
| १९ | सवारी साधन मर्मत | १२००००० | |
| २० | भ्रमण खर्च | ८००००० | |
| २१ | मेशिनरी तथा औजार मर्मत संभार | ६००००० | |
| २२ | मसलन्द तथा कार्यालय सामग्री | २०००००० | |
| २३ | इन्धन अन्य प्रयोजन | ३००००० | |
| २४ | पत्रपत्रिका तथा सूचना प्रकाशन | १२००००० | |
| २५ | सेवा र परामर्श | ९००००० | |
| २६ | करार सेवा शुल्क | १५००००० | |

| | | | |
|---|---|---|---|
| २७ | बर्थिङ करारका अनमीहरुको नपुग तलब | २००००० | |
| २८ | विविध खर्च | २०००००० | |
| २९ | बिमा तथा नवीकरण खर्च | ५००००० | |
| ३० | ब्याक हो लोडर सञ्चालन खर्च | १२००००० | |
| ३१ | सफ्टवयर सञ्चालन खर्च | ८००००० | |
| ३२ | सीप विकास तालिम तथा गोष्ठी | १०००००० | |
| ३३ | नगर सभा सञ्चालन खर्च | ६००००० | |
| ३४ | जग्गाको भाडा | २५०००० | |
| ३५ | अन्य भाडा | ३००००० | |
| ३६ | कर्मचारी बैठक भत्ता | २००००० | |
| ३७ | आवास खर्च | २२००००० | |
| ३८ | वडा कार्यालय मसलन्द खर्च | १४००००० | |
| ३९ | अन्य इन्धन वडा कार्यालय | १००००० | |
| ४० | फोहोर मैला ब्यवस्थापन खर्च | २४०००० | |
| | जम्मा | ६५८२५००० | |

निर्णय नं. २

यस सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन, २०७६ लाई पारित गर्ने ।

निर्णय नं. ३

चालु आ.व. मा सञ्चालनमा रहेर सम्पन्न भई फरफारक समेत भएका योजनाहरूलाई अनुमोदन गर्ने ।

निर्णय नं. ४

वडा नं. ११ का सात लाख रूपैया बरावरका गत आ.व. मा काटिएका चेकको भुक्तानी गर्न बैंकमा समयमा नपुग्दा नसाटिएकाको चालु आ.व. को उपयुक्त शीर्षकबाट भुक्तानी गर्न कार्यपालिकाबाट भएको निर्णयलाई अनुमोदन गर्ने ।

निर्णय नं. ५

वडा नं. २, नमुना सामूदायिक अस्पताल देखि सोहि वडा मनकामना टोल जोड्ने मोटरसाईकल हिड्न मिल्ने झोलुङगे पुल निर्माणका लगि संघीय तथा प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

निर्णय नं. ६

चालु तथा पूँजीगत तर्फका विभिन्न शीर्षकबाट प्रचलित कानून बमोजिम हुनेगरी कार्यपालिकाको बैठकबाट निर्णय गरी रकमान्तर गर्न सकिने अधिकार नगर कार्यपालिकामा प्रत्यायोजन गर्ने ।

निर्णय नं. ७

आ.व. २०७६।७७ को बजेटका पूँजीगत तर्फका विस्तृत रूपमा बाँडफाँट हुन नसकेका विभिन्न शीर्षकका कार्यक्रमलाई कार्यपालिकाको बैठकले निर्णय गरेर क्रमशः बाँडफाँट गरी कार्यान्वयनमा लैजान सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. ८

यस नगरपालिकाको आ.व. २०७४।७५ को अन्तिम लेखापरिक्षण गर्ने क्रममा महालेखा परीक्षकको प्रतिवेदनमा औल्याइएका बेरूजु नियमित गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने ।

निर्णय नं. ९

नगर सभाहरू सञ्चालन गर्दा भएका खर्चहरू तथा अन्य सम्पूर्ण खर्चहरू अनुमोदन गर्ने ।

निर्णय नं. १०

पाँचौ नगरसभा तयारी देखि सम्पन्न गर्ने अवस्थासम्म प्रत्यक्षरूपमा खटिनुभएका नगरपालिकाका कर्मचारीहरू ( लेखा अधिकृत श्री नरेन्द्र राज घिमिरे, ना.सु. श्री दिपेन्द्र पण्डित, आ.ले.प. श्री दीपेन्द्र पौडेल, खरिदार श्री युवराज सुवेदी, खरिदार श्री हरी प्रसाद कुमाल, खरिदार श्री दिल बहादुर तामाङ, सा.प. श्री मनहरी सोती, का.स. हरू श्री माधव राज जोशी, श्री पशुपति पौडेल, श्री किसान कुमाल, श्री जित बहादुर कुमाल) लाई खाईपाइ आएको एक महिनाको तलब स्केल बरावरको रकम र सवारी चालकहरू (हेभी सवारी चालक श्री गंगा बहादुर गुरूङ, हलुका सवारी चालकहरू श्री सुक बहादुर श्रेष्ठ, श्री विमल भट्ट र श्री निर्मल न्यौपाने) लाई खाईपाइ आएको तलब स्केल बरावरको आधा महिनाको रकम प्रोत्साहन स्वरूप असार महिनामा उपलव्ध गराउने ।

निर्णय नं. ११

आ.व. ०७५/७६ मा नगरकार्यपालिका, राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विभिन्न विषयगत समिति, प्रमुख प्रशासकीय अधिकृत, जाँचपास तथा फरफारक समिति, विभिन्न उपसमितिहरू र नगरकार्यपालिकाको निर्णयानुसार गठित समितिका सवै निर्णयहरू अनुमोदन गर्ने ।

निर्णय नं. १२

नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार जारी संगठन संरचना अनुसार कार्यालय व्यवस्थित गर्ने ।

निर्णय नं. १३

आ.व. ०७५।७६ को जिन्सी निरीक्षण, जिन्सी लिलाम, मिन्हा गर्ने कार्य प्रचलित कानून बमोजिमको प्रकृया अवलम्वन गरी गर्न आवश्यकतानुसार कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. १४

यस नगरपालिकामा रहेका विभिन्न कोषहरूलाई यथावत राख्ने ।

निर्णय नं. १५

नगरकार्यपालिकाले आ.व. ०७६।७७ को खरिद योजना तथा कार्यसञ्चालन तालिका निर्माण गरी सो अनुरूप कार्यप्रकृया व्यवस्थित गर्ने ।

निर्णय नं. १६

वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड २०७२ अनुरूप भवन नक्सा पास लगाएतका कार्यहरू गर्ने ।

निर्णय नं. १७

नगरपालिकाबाट सम्पादन गरिने पूर्वाधार, सामाजिक, आर्थिक, वित्तीय, संस्थागत सेवा प्रवाह आदि जस्ता कार्यहरूका लागि आवश्यकताअनुसार नियमावली, निर्देशिका र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. १८

नगरकार्यपालिकाले यस नगरपालिकामा कार्यरत कर्मचारीहरूको वार्षिक तलबी प्रतिवेदन पारित गर्ने ।

निर्णय नं. १९

आर्थिक वर्ष २०७६।७७ मा नगरपालिकाको योजना शाखा र जिन्सी शाखामा सफ्टवेयर प्रणाली जडान गरी कार्यसञ्चालन गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. २०

नगरपालिकाका कार्यचाप अत्याधिक भएका शाखाका कर्मचारीहरूलाई निश्चित मापदण्ड बनाई कार्यचापको आधारमा आगामी आ.व. मा प्रोत्साहन सुविधा उपलव्ध गराउने ।

निर्णय नं. २१

नगरपालिका अन्तरगतका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत रहने सेवा करार अन्तर्गत कर्मचारीहरूलाई कामको आधारमा समान पारिश्रमिक हुनेगरी उपलव्ध गराउने ।

निर्णय नं. २२

विभिन्न विषयगत शाखाका कार्यालय भवन रहेको जग्गालाई नगरपालिकाको स्वामित्वमा ल्याउन आवश्यक पहल गर्न नगर सभाका सदस्यहरू समेतको टोली सम्वन्धित निकायमा डेलिगेशनका लागि जाने ।

निर्णय नं. २३

पेन्सन सुविधा लिने निर्वाचित जनप्रतिनिधिहरूलाई दोहोरो सुविधा लिन नपाउने सम्वन्धी व्यवस्था रहेकोले सो सम्वन्धमा आवश्यक सुविधाको व्यवस्था गर्न गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

निर्णय नं. २४

विगतमा नगरकार्यपालिका तथा वडा समितिको बैठकका लागि भत्ताको व्यवस्था भएकोमा पछि उक्त सुविधा काटिन गएको हुँदा पुनः उक्त सुविधा उपलव्ध गराउनका लागी गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

निर्णय नं. २५

नगरकार्यपालिका सदस्यहरूले पाउने सेवा सुविधा सम्वन्धमा आवश्यक व्यवस्था गर्न गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

निर्णय नं. २६

नगरकार्यपालिका सदस्यले पाउने थप सेवा सुविधा सम्वन्धमा आवश्यक व्यवस्था गर्न गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

निर्णय नं. २७

नगर प्रमुख तथा न्यायिक समितिलाई राय, सुझाव, सल्लाह तथा परामर्श प्रदान गर्नको लागी प्रचलित कानुनमा उल्लेख भए अनुसारको परामर्शदाता नियुक्त गर्न नगरकार्यपालिकालाई आवश्यक अख्तियारी प्रदान गर्ने ।

निर्णय नं. २८

मन्दिर गुम्बा जस्ता धार्मिक प्रकृतिका संघ संस्थाहरूलाई आर्थिक वर्ष २०७६।७७ मा लाग्ने एकीकृत सम्पति कर मिनाह गर्ने ।

निर्णय नं. २९

आगामी आ.व. ०७६।७७ मा कार्यान्वयन गर्ने गरी विषयगत शाखा एवं वडा कार्यालयहरूबाट प्राप्त देहाय बमोजिमका योजना तथा कार्यक्रम तथा बजेट पारित गर्ने ।

देहाय

सुन्दरबजार नगरपालिका

स्वास्थ्य शाखाको आ. ब. ०७६।०७७ को कार्यक्रमहरू

| क. सं | कार्यक्रमको नाम | संचालन हुने स्थान | खर्च विवरण | बजेट रकम | कृयाकलाप |
|---|---|---|---|---|---|
| १ | शहरी स्वास्थ्य केन्द्र | सु. न. पा. ६,९,३, र ५ स्थित शहरी स्वास्थ्य केन्द्रहरू | अ. हे. ब. अ. न. मी. र का. स. तलब भत्ता | १८,७२,०००। | स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्तीहरूमा स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक रहेको |
| २ | का. स. तलब ४ जना | धुसेनी, तार्कुकोट स्वास्थ्य चौकी र स्वास्थ्य शाखा | कार्यालय सहयोगी तलब भत्ता | ६२४०००। | सु. न. पा स्वास्थ्य शाखामा का स. को दरबन्दि नभएको र धुसेनी, तार्कुकोट स्वास्थ्य चौकीमा दरबन्दी अनुसार का. स. को पद पूर्ति नभएको |
| ३ | बर्थिङ सेन्टरका करार अ. न. मी हरूको नपुग तलब | सु. न. पा. अन्तर्गतका बर्थिङ सेन्टरहरू | | ९२०००। | सुन्दरबजार अस्पताल चन्द्रेश्वर प्रा. स्वा. के र कुन्छा स्वास्थ्य चौकी |
| ४ | FCHV मासिक बैठक यातायात खर्च प्रति महिना ५०० का दरले | सु. न. पा का सम्पूर्ण वडाहरूमा कार्यरत १०१ FCHV हरू | | ६,०६,०००। | प्रत्येक स्वा. संस्थामा मासिक रूपमा प्रगती प्रतिबेदन पेश गरी समिक्षा गरेवापत खातामा रकम जम्मा |
| ५ | बार्षिक समिक्षा | सु. न. पा. स्वास्थ्य शाखा | | ५०,०००। | सु. न.पा. स्वास्थ्य शाखा अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरूबाट सन्चालन गरिएका जनस्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरूको प्रगतीको समिक्षा गर्ने । |
| ६ | अत्यावश्यक नि. शुल्क औषधि खरिद | सबै वडाका स्वास्थ्य संस्थाहरू | | ५०,००००। | अत्यावश्यक नि. शुल्क औषधि मागको आधारमा सबै स्वास्थ्य संस्थाहरू |
| ७ | अतिरिक्त डयूटी सुविधा | चन्द्रेश्वर प्रा. स्वा. केन्द्र | | १,०८,०००। | चन्द्रेश्वर प्रा. स्वा. के मा हप्तामा ४० घण्टा भन्दा बढी सेवा प्रवाह गरे वापत कर्मचारीहरूलाई थप सुविधा रकम |
| ८ | एच. आई. भि. एड्स सचेतना तथा सहयोगात्मक कार्यक्रम | सु. न. पा. का. सबै वडाहरू | | ५०,०००। | एच. आई. भि. एड्स संक्रमित बिरामीहरूलाई यातायात खर्च तथा एच. आई. भि. एड्स सम्बन्धी जनचेतना फैलाउने |
| ९ | Home delivery मुक्त वडा घोषणा | सु. न. पा. १ कुन्छा | | ५०,०००। | बर्थिङ सेन्टर रहेको न. पा. भित्र १ नं वडा लाई (Home delivery) रहित वडा घोषणा गर्ने । |
| | | | जम्मा रकम रू | ३९५२०००। | |